# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, जेठ ६ गते २०५९ साल (संख्या ६

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी काठमाडौं मेडिकल कलेजले आयात गर्ने भा. रू. १२,२६,५३०।- मूल्य बराबरको शैक्षिक सामग्रीमा लाग्ने भन्सार महसुल १ प्रतिशत लिई बाँकी भन्सार महसुल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगञ्जले Lampui Hing (Fat Kee) I and E Ltd. Hongkong Singapore बाट आयात गर्ने अमेरिकी डलर ११,२००।०० मूल्य बराबरको सामग्रीहरूमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल परिवार नियोजन संघले आयात गर्ने जापानी येन १८,२५,०००।०० मूल्य बराबरको निशान पिकअप डबल क्याबमा लाग्ने भन्सार महसुल ५० प्रतिशत लिई बाँकी भन्सार महसुल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी आर्थिक वर्ष २०५७।५८ को निजामती सेवा पुरस्कार प्राप्त गर्ने कर्मचारीको पुरस्कृत रकममा लाग्ने आयकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

श्री ५ को सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी देहायका व्यवसायहरूलाई देहाय बमोजिमको उद्योगको वर्गीकरणमा समावेश गरेको छ ।

(क) कृषि तथा वनजन्य उद्योगः

(१) व्यवसायिक रूपमा गरिने फलफूल तथा नगदेबालीको खेती,

(२) व्यवसायिक रूपमा गरिने बेत, बाँस तथा निगालोको खेती र सोबाट वस्तुहरूको उत्पादन गरिने कार्य,

(३) चल्ला काढ्ने व्यवसाय,

(४) वनस्पति उद्यान स्थापना, संरक्षण तथा व्यवस्थापन ।

(ख) पर्यटन उद्योगः

अन्य साहसिक टुरिजम व्यवसाय ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२६०

(ग) सेवा उद्योगः

(१) निर्माण सम्बन्धी हेभी इक्वीपमेण्ट भाडा मर्मत तथा सञ्चालन सेवा,

(२) व्यवसायिक रूपमा गरिने पशु चिकित्सा सेवा,

(३) मानव स्वास्थ्योपचार सम्बन्धी डाइगनोष्टिक सर्भिसेज,

(४) सभा सम्मेलन भवन सञ्चालन, ढल तथा फोहोर मैला संकलन र विकास, खानेपानी आपूर्ति, इन्धन तथा इन्धनजन्य ग्यांस आपूर्तिको पाइपलाइन सञ्चालन, गोदामघर तथा भण्डारण सञ्चालन, विमानस्थल सञ्चालन, स्पोर्टस् कम्प्लेक्स सञ्चालन, रोपवे (रज्जुमार्ग) सञ्चालन, सडक सञ्चालन, सिंचाई सञ्चालन, उर्जा प्रशारण गृह सञ्चालन, रेल्वे सेवा सञ्चालन र उल्लिखित व्यवसाय सञ्चालन गर्दा गरिनु पर्ने संभार कार्य ।

(घ) निर्माण उद्योगः

(१) सभा, सम्मेलन केन्द्रको पूर्वाधार निर्माण, व्यवस्था र सञ्चालन,

(२) ढल तथा निकासको पूर्वाधार निर्माण, व्यवस्था तथा सञ्चालन,

(३) खानेपानी आपूर्ति गर्न पाइप जडानको पूर्वाधार निर्माण, व्यवस्था तथा सञ्चालन,

(४) इन्धन तथा ग्याँस आपूर्तिको पाइपलाइन जडानको पूर्वाधार निर्माण, व्यवस्था तथा सञ्चालन,

(५) सिंचाईको पूर्वाधार निर्माण, व्यवस्था र सञ्चालन,

(६) उर्जाघर तथा उर्जा प्रशारण लाइनको पूर्वाधार निर्माण, व्यवस्था र सञ्चालन ।

आज्ञाले,
भानप्रसाद आचार्य
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

श्री ५ को सरकारको मिति २०५९ साल वैशाख ५ को निर्णयानुसार राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री श्रीमान् श्रेष्ठ र सामान्य प्रशासन मन्त्रालयका सचिव श्री मुकुन्दप्रसाद अर्ज्यालले निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) बमोजिम निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदबाट स्वेच्छिक अवकाश पाउन दिनु भएको निवेदन सोही ऐन बमोजिम, २०५९ वैशाख १६ गतेदेखि लागू हुने गरी स्वीकृत गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारको मिति २०५९ साल वैशाख १२ को निर्णयानुसार लोक सेवा आयोगको सचिव श्री श्रीराम पौडेलले निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) बमोजिम निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदबाट स्वेच्छिक अवकाश पाउन दिनु भएको निवेदन सोही ऐन बमोजिम, २०५९ वैशाख १६ गतेदेखि लागू हुने गरी स्वीकृत गरिएको छ ।

आज्ञाले,
शशिकान्त मैनाली
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

२८

श्री ५ को सरकार

## प्रधानमन्त्रीको कार्यालयको सूचना

श्री ५ को सरकार (मन्त्रिपरिषद्)को मिति २०५२।१०।२५ को निर्णयानुसार गठन गरिएको प्रधानमन्त्रीको सल्लाहकार समूहमा देहाय बमोजिम सुविधा पाउने गरी देहायका व्यक्तिहरूलाई सम्माननीय प्रधानमन्त्रीले देहायको पदमा नियुक्त गर्नु भएको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | पद | नाम, ठेगाना | नियुक्ति मिति | सुविधा |
|---|---|---|---|---|
| १ | सल्लाहकार | डा. प्रकाशशरण महत, नुवाकोट | २०५८।६।१२ | तलब रू. १६,०००।– टेलिफोन सुविधा १,०००।– आवास सुविधा १५,०००।– ईन्धन मासिक २०० लि., ३ महिनामा मोबिल ५ लि. |
| २. | " | श्री बलदेव बोहरा, कञ्चनपुर | " | " " |
| ३. | " | श्री ज्ञानेन्द्र कार्की, भोजपुर | " | " " |
| ४. | " | श्री श्रीकृष्ण अनिरुद्ध गौतम, काठमाडौं | " | तलब १५,६००।– टेलिफोन सुविधा १,०००।– आवास सुविधा १२,०००।– ईन्धन मासिक २०० लि., ३ महिनामा मोबिल ५ लि. |
| ५. | " | श्री अच्युत वाग्ले, काभ्रेपलाञ्चोक | २०५८।९।१ | " " " |
| ६. | विशेषज्ञ | श्री आनन्द शर्मा, काठमाडौं | २०५८।१०।१९ | तलब १४,०००।– टेलिफोन सुविधा १,०००।– ईन्धन मासिक ८० लि. ३ महिनामा मोबिल ५ लि. |
| ७. | वरिष्ठ विज्ञ | श्री परशु घिमिरे, काभ्रेपलाञ्चोक | २०५८।११।२१ | तलब १४,०००।– टेलिफोन सुविधा १,०००।– ईन्धन मासिक ८० लि. ३ महिनामा मोबिल ५ लि. |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ८. | सहायक विज्ञ | श्री गणेश पन्त, डडेलधुरा | २०५८।५।२६ | तलब १०,५००।– टेलिफोन सुविधा ११२।– ईन्धन मासिक ८० लि, ३ महिनामा मोबिल ५ लि. |
| ९. | सहायक विज्ञ | श्री गणेशप्रसाद ढकाल, उप सचिव गृह मन्त्रालय | " | " " |
| १०. | " | श्री मदनराज भट्ट, डडेलधुरा | २०५८।७।२२ | " " |
| ११. | " | श्री गेजा शर्मा वाग्ले, स्याङ्जा | २०५८।८।२५ | " " |
| १२. | " | श्री शेरबहादुर भण्डारी, डडेलधुरा | २०५८।११।२१ | " " |
| १३. | " | श्री कृष्ण कंडेल, भरतपुर, चितवन | २०५८।६।१ | " " |
| १४. | शाखा अधिकृत | श्री इन्द्रबहादुर बम, कैलाली | २०५८।५।२६ | तलब ७,५००।– |
| १५. | " | श्री बीरेन्द्रबहादुर देउवा, कञ्चनपुर | " | " |
| १६. | " | श्री लोकबहादुर विष्ट, डडेलधुरा | " | " |
| १७. | " | श्री प्रद्युम्नप्रसाद उपाध्याय, स्याङ्जा | " | " |
| १८. | " | श्री शिवराम थापा, ललितपुर | " | " |
| १९. | " | श्री भीम खड्का, काठमाडौं | " | " |
| २०. | " | श्री रामबहादुर के.सी., तनहुँ | " | " |
| २१. | कम्प्यूटर अधिकृत | श्री अभिनव अधिकारी, काभ्रेपलाञ्चोक | " | " |
| २२. | " | श्री राजेन्द्रप्रकाश घिमिरे, तनहुँ | " | " |

आज्ञाले,
श्रीकान्त रेग्मी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

30